

# सिनो आन्दोलनका अगुवा : रामरती राम



● ममता गिरी

## प्रारम्भ

विश्वभरका महिला आन्दोलन महिलाको विषय र मुद्दामा मात्र केन्द्रित भएनन् । सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक मुद्दाहरू उठाएर महिलाले आन्दोलन गरेको इतिहास पाइन्छ । नेपाली महिला आन्दोलनले यही बाटो अवलम्बन गरेको देखिन्छ । नेपाली महिलाले भोग्नुपरेका अन्याय, अत्याचारलाई मात्र मुद्दा नबनाएर समाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रका मागहरू उठाउँदै विद्रोह गरेको पाइन्छ । सामाजिक परिवर्तन र विभेदविरुद्धको आन्दोलनमा महिलाहरू पूर्णरूपले होमिएको इतिहास छ ।

यस्तै जातीय विभेदविरुद्धको सिनो आन्दोलनको नेतृत्व रामरति रामले गर्नुभयो । सामन्ती र पितृसत्तात्मक चिन्तनले व्याप्त समाजमा दलितमाथि ठूलो विभेद रहेको जगजाहेर छ । तराइको मधेसी समाजभित्र दलित समुदायमा जन्मिएकी रामरतिको सङ्घर्ष कति कठोर थियो होला सहजै अनुमान लगाउन सकिन्छ । गरिब परिवारमा जन्मिएर सामाजिक विभेद र छुवाछुतका विरुद्ध साहसका साथ उहाँले लडेको लडाई वास्तवमै उदाहरणीय छ ।

तराई जहाँ महिलाले बाँच्न मात्र पनि ठूलो सङ्घर्ष भेल्न र कष्ट सहनुपर्छ त्यस्तो ठाउँमा दलित महिलाले जातीय विभेदका विरुद्ध लड्नु फलामको चिउरा चपाउनुजस्तै हो, त्यही कठिन काम रामरतिले गर्नुभयो । सामन्ती समाजको दबदबा, दलितलाई हेर्ने गलत दृष्टिकोण, हेप्ने, होच्याउने, दमन गर्ने प्रवृत्ति, अमानवीय व्यवहार र कुचलनका विरुद्ध रामरती निडरताका साथ लड्नुभयो । सामाजिक, राजनीतिक र अनेकौं विकृति, विसङ्गतिविरुद्ध उहाँले कठोर सङ्घर्ष गर्नुभयो ।

## जन्म र विवाह

भनिन्छ, कसैको जन्म सङ्घर्षका लागि हुन्छ, रामरतीको जीवनमा पनि ठयाक्कै यस्तै भएको छ । वि.स.२०२३ साल असार १२ मा सप्तरी जिल्लाको मलहन्मा गाउँमा गरिब परिवारमा रामरती रामको जन्म भयो । आमा रेश्मी राम र बुबा वेचन रामको सन्तान रामरतीको बाल्यकाल दुःखैदुःखमा बित्यो । राम्रो लगाउने र मिठो खाने भन्ने कुराको अनुभव उहाँले गर्न पाउनुभएन । गरिबीका कारण पढ्ने सम्भावना नै थिएन ।

तराईमा सानै उमेरमा विवाह गर्ने प्रचलन भएकाले रामरतीको पनि ११ वर्षको उमेरमा सिरहाको परडीया भन्ने गाउँका बन्हु चमारसँग विवाह भयो । मधेसमा विवाहपश्चात् घर गएर त्यसको एक/दुई दिनपछि पुन: माइतीमै फर्किने चलन छ । ठूलो भइसकेपछि गौना (पुन: विवाह) गरेर मात्र घर जाने गरिन्छ । विवाह भएको छ वर्षपछि अर्थात १७ वर्षमा उहाँको गौना भयो । गौनापछि अर्काको घर जानुभयो । विवाहपछि पनि उहाँले उज्यालो देख्न र सुख अनुभव गर्न पाउनुभएन । कलिलो उमेरदेखि नै गरीबी र जातीय दलनमा थिचिएकी रामरतीले विवाहपछि त्यसमा थप दु:ख भोग्नुपर्‍यो । सामान्य अवस्थामा त महिलालाई सहज छैन त्यसमा अर्काको घर, तराईको चलन, दलित र त्यसमाथि गरिबी र अशिक्षाको कुचक्र । माकुराको जालोमा फिङ्गा फसेको भन्दा पनि जटिल र अत्यास लाग्दो जीवन भोगाईमा पर्नुभयो उहाँपनि तराईका अधिकांश महिलाजस्तै । तराईमा अनुहार त घुम्टोले छोपिन्छ तर घुम्टोभित्रको कथा, व्यथा र सङ्घर्ष भने व्याख्या गरेर सकिदैंन । धेरैं महिलाले घुम्टोभित्र आफ्नो अस्तित्व रेटिरहेका छन् तर रामरतीले त्यहि घुम्टोभित्रबाट अन्याय, अत्याचार र विभेदकाविरुद्ध जाग्ने जमर्को गर्नुभयो । तीन सन्तानकी आमा रामरतीले बालबच्चालाई हुर्काउँदै जीवनसँग पैंठेजोरी खेल्दै, अप्ठेरासँग जुध्दै अगाडि बढ्नुभयो । समाजमा विद्यमान अन्याय, अत्याचार र विभेदबाट अशान्त बनेकी रामतीको मनमा विद्रोहको ज्वारभाटा दन्किन खोजिरहेको थियो ।

## घुम्टो र सिनो आन्दोलन

घुम्टो प्रथामा जकडिएको मधेसी समुदाय, जहाँ विवाहित महिलाहरूले अनुहारसम्म देखाउन पाउँदैनन्, पिँजडाको सुगाझैं घरभित्र महिला दमित भएर बस्नुपर्छ । समाजको गलत परम्परा र संस्कारविरुद्ध घुम्टोभित्रबाट एउटी गरिब दलित र अशिक्षित महिला जाग्ने कल्पना गर्न पनि सकिदैंन । सम्पूर्ण समुदायले परम्परागतरूपमा गरिरहेको र ठूलो समुदायबाट बाध्य पारिएको काम गर्दिन भन्ने साहस त धेरैले गर्न सकेनन् यो निकै चुनौतिपूर्ण काम थियो । असम्भव ठानिएको चुनौतीलाई नै उहाँले चुनौती दिनुभयो । समाजको बहुसङ्ख्यक तप्काको विरुद्ध जागरुक भएर कसिलोढङ्गले पैंठेजोरी खेल्नुभयो ।

जमिन्दार र सामन्तहरूको दबदबा भएको बेला घुम्टो फालेर उहाँ जातीय विभेदविरुद्धको आन्दोलनमा पूर्णरूपले होमिनुभयो । निश्चय नै गरीब चमार

महिलालाई यस्तो आन्दोलन गर्न सहज थिएन । धेरै कठिन चुनौतीका बावजुद रामरतिले निरन्तर सङ्घर्ष गर्नुभयो । नेपाल उत्पीडित जातीय मुक्ति समाजको नेतृत्वमा २०५५ सालमा सिराहाको लाहानबाट सिनो आन्दोलन शुरु भएको थियो । दलित आन्दोलनका प्रणेताहरू रामपृत पासवान, विश्वम्भर पासवान, मानवीर विश्वकर्मा र रामरती राम लगायतकाले सिनो आन्दोलनको अगुवाई गर्नुभएको थियो । उहाँ भन्नु हुन्छ -'पहिले गाउँ घरमा गाई माल मरेपछि हामी चमार जातिले फाल्ने चलन थियो, जसलाई सिनो फाल्ने भनिन्थ्यो ।' दलितमा पनि चमार जातिमाथि ठूलो अत्याचार र अन्याय हुन्थ्यो । मानव भएर बाँच्ने अधिकारबाट वञ्चित चमार समुदायलाई अत्याचारबाट मुक्त गर्ने योजना बनाउँदै गाउँमा मरेका गाईहरू चमार जातिले नफाल्ने निर्णय गर्नुभयो । गाउँमा गाई पाडा मर्दा उठाएर फाल्न गाउँलेहरूले उहाँहरूलाई बोलाउन आए हिम्मतका साथ उनीहरूलाई 'अब हामी आजदेखि सिनो उठाउँदैनौं' भन्नुभयो । सिनो फाल्न इन्कार गरेपछि समाजले पसलहरूमा जान नदिने, पानी पिउन नदिने, बाटो हिड्न नदिने भन्ने खालको उर्दी जारी गर्‍यो । चमार समाजलाई २५ हजार रुपियाँ दिएर र गाडी ल्याएर फ्याक्ने भनियो, त्यो पनि सम्भव भएन । कतिपय विरोधी सांसदले संसदमा समेत कुरा उठाए । उहाँहरूमाथि नाकाबन्दी लगाइयो । चमार जातिमाथि दमन गरियो । त्यसका विरुद्ध नेपाल उत्पीडित जातीय मुक्ति समाजको ब्यानरमा रामरती लगायत चमार जातिले ठूलो लडाई लडे । सिराह र सप्तरीका चमार जाति एक भएर लडे । आन्दोलन दबाउन दमन गरियो । कैयौं आन्दोलनकारी घाइते भए । आन्दोलन झन् चर्कियो । चमारहरूको सिनो आन्दोलन सशक्त बन्दै तराईका २२ जिल्लामा फैलियो ।

सिनो आन्दोलन उत्कर्षमा पुग्यो । आन्दोलनको समर्थनमा भारतबाट दलित नेताहरू र देश-विदेशबाट मानव अधिकारकर्मी आए । आन्दोलनको पक्षमा अन्तर्राष्ट्रिय जगत बोल्यो । यसरी दलितलाई दमन गर्नुहुन्न, यातना दिनुहुन्न भनेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारकर्मीले आवाज उठाएका थिए । सिनो आन्दोलनलाई डोम, तत्मा, खत्वे, पासवान, चमार, मुसहरलगायतका जातिले सहयोग र समर्थन गरेका थिए । यो आन्दोलनले समाजमा जागरण ल्यायो । समाजमा सदियौंदेखि चमार जातिले फाल्दै आएको सिनो फाल्ने परम्परा तोडियो । आफ्नो घरमा मरेको जनावर आफैं फाल्न थालियो । तराईको महत्वपूर्ण आन्दोलनका रूपमा यो आन्दोलनलाई लिइन्छ । समाजको पुरातन परम्परालाई भत्काएर नवीन मूल्य र मान्यतालाई स्थापित भयो । अमानवीय पुरातन परम्परा

सदाको लागि समाजबाट समाप्त भयो । समाज रूपान्तरणको दिशामा रामरती रामले निर्वाह गरेको यो भूमिका अतुलनीय छ । उहाँको सङ्घर्षमय जीवन, साहस, त्याग र उन्नत समाज निर्माण गर्ने अठोटबाट आउने पिंढीले प्रेरणा पाउनेछन् । मनमा अठोट भए जस्तोसुकै विभेदका विरुद्ध लड्न गरिबीले छेक्न, अशिक्षाले रोक्न सक्दैन भन्ने उदाहरण हुनुहुन्छ उहाँ । समाजका लागि उहाँको सङ्घर्षमय जीवन उदाहरणीय र प्रेरणाको स्रोत बनेको छ ।

## रामरती र राजनीति

रामरतीको परिवारको आर्थिक अवस्था धेरै कमजोर थियो । गौना गरेर आएको छ महिना पछि बाँच्नकै लागि गाउँमा मजदूरी गर्न जानुपर्ने भयो । यसक्रममा उहाँको नेपाल कम्युष्टि पार्टीसँग सम्पर्क भयो । पार्टीसँगको यसै सम्पर्कले रामरतीलाई माननीय सभासदसम्म पुऱ्यायो । उहाँलाई कमरेड मागैन कामैतले पार्टी सम्पर्क गराउनुभएको थियो । वि.स. २०५४ सालमा दुई रुपियाँ तिरेर उहाँले तत्कालिन नेकपा एमालेको पार्टी सदस्यता लिनुभयो । निरन्तर पार्टीको काममा लाग्नुभयो । २०५६ सालमा नेकपा एमाले गाउँ कमिटीमा रही दुई कार्यकाल उपसचिवको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नुभयो ।  वि.स. २०६३ सालमा नेकपा एमालेको सिराहा जिल्ला कमिटी सदस्यको जिम्मेवारी दुई कार्यकाल र पार्टीको केन्द्रीय वैकल्पिक सदस्यको जिम्मेवारी वहन गर्नुभयो । समाज रूपान्तरणमा निरन्तर आफूलाई समर्पित गर्नुभएकी रामरती अहिले नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय सदस्य हुनहुन्छ ।

वि. सं. २०५४ मा पार्टीको तर्फबाट परडिया गाविसको वडा सदस्य बन्दा गाउँका सामन्त र विरोधीहरूले कुरा काट्न थाले । महिला अनि दलित अब कसरी वडा सदस्यलाई नमस्कार गर्ने ठूलो खैलाबैला भयो । वडा सदस्यबाट राजीनामा दिनका लागि उहाँलाई धेरै ठूलो दबाव दिन थालियो । यसैक्रममा कल गाड्ने विषयमा ठूलो झगडा भयो । वडा सदस्यबाट राजिनामा दिन लगाउन उहाँमाथि साङ्घातिक आक्रमण भयो । उहाँको मुखबाट रगत बग्यो तर उहाँले राजिनामा दिनुभएन । निडरताका साथ विकास निर्माणमा वडा सदस्यको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेको उहाँ सगर्व बताउनुहुन्छ ।

नेपालमा पहिलो पटक वि.स.२०६४ सालमा संविधानसभाको निर्वाचन भयो । तत्कालिन नेकपा एमालेको तर्फबाट समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत

सभासद हुनुभयो। सभासद हुँदा महिला, दलित, बालबालिका र कमजोर एवं पछाडि परेका र पारिएकाहरूको पक्षमा कानून बनाउन आफूले सक्दो काम गरेको बताउनुहुन्छ रामरती। पहिलो संविधान सभा वि.स.२०७० सालमा विघटन भयो।

## आन्दोलनमा रामरती

रामरतीले सिराहा जिल्लामा सिनो आन्दोलनको मात्र अगुवाई गर्नुभएन, सुकुम्बासी र भूमिहीन आन्दोलनको पनि नेत्तृव गर्नुभयो। भोको पेट र नाङ्गो शरीरमा बाँच्नुपर्ने गरिबको पीडा कस्तो हुन्छ यसको तितो अनुभव छ उहाँसँग। यी सबैलाई जित्न उहाँको सङ्घर्ष जारी छ। मानव अधिकारको क्षेत्रमा पनि उहाँको योगदान प्रशंसनीय छ। मानव अधिकार एलायन्सको केन्द्रीय सदस्यसम्म भएर उहाँले यस क्षेत्रमा धेरै काम गर्नुभएको छ।

सामाजिक परिवर्तनको आन्दोलनमा आफूलाई पूर्ण रूपले समर्पित गर्नुभएकी रामरतिले नेपालको महिला आन्दोलन, बाल विवाहविरुद्धको आन्दोलनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ। अखिल नेपाल महिला संघमा रही दुई कार्यकाल जिल्ला सदस्य र केन्द्रीय सदस्य हुनुभयो। उहाँ मधेसी लोकतान्त्रिक संगठनको केन्द्रीय सदस्य हुनहुन्छ।

वि.स.२०५५ देखि महिला मानव अधिकार रक्षक सञ्जालमा रहेर महिलाका मानव अधिकार सम्बन्धी हक, हित र अधिकारका लागि आजपर्यन्त लडिरहनु भएको छ। यसका अतिरिक्त मानव अधिकार एलायन्सको जिल्ला सदस्य भएर मान्छेले मानव भएर बाँच्न पाउने अधिकारका लागि निडर भएर निरन्तर सङ्घर्ष गरेकै कारण वि.स. २०६३ सालमा मानव अधिकार पुरस्कारबाट सम्मानित हुनभयो। यसैगरी राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक परिवर्तन र रूपान्तरणमा उहाँको योगदानको कदर गर्दै वि.सं. २०७४ मा मोतिदेवी स्मृति केन्द्रले पनि सम्मानित गरेको थियो।

घुम्टो र बालविवाहमुक्त मधेसी समाज हेर्न चाहना छ रामरतीको। दाइजोको निहुँमा कुनै पनि छोरी चेली आगोमा जल्नु नपरोस्, समाज सभ्य र विकसित बनोस्, उहाँ यस्तो चाहना राख्नुहुन्छ। कुनैपनि प्रकारको विभेद र भेदभाव नभएको उन्नत समाजको सपनाका साथ समृद्ध नेपाल र सुखी नेपाली निर्माणको महाहभियानमा रामरतीले आफूलाई समर्पित गर्नुभएको छ। ■